# दोश्रो भाग
# चेलापनका जगहरु


१. सही जगको महत्व ७५
२. मृतकार्यबाट पश्चाताप ८१
३. परमेश्वरमा विश्वास ८६
४. बप्तिश्माका सिद्धान्तहरु ९१
५. हात रखाई १००
६. मरेकाहरुको पुनरुत्थान १०५
७. अनन्त न्याय ११२

# १. सही जगको महत्व

## क. मुख्य पदहरु

हिब्रु ५:११-६:३ | लूका ६:४६-४९
१कोरिन्थी ३:१०-१५ | १पत्रस २:५

## ख. परिचय

जग त्यो ठोस आधार हो जसमाथि कुनै भवनको ढांचा अवस्थित हुन्छ. जगले भवनलाई ठीकसित ठडिन दिन्छ. वास्तवमा भवनको प्रत्येक भाग जगमा आधारित हुन्छ. यदि जग सही, गहिरो र मजबुत छ भने जति नै बाधा विघ्नको सामना गर्नुपरे पनि भवन हल्लिँदैन. जग मजबुत नभएमा केही समस्या आउना बित्तिकै भवन ढल्छ. येशूको चेलाकारुपमा हाम्रा जीवनहरु आत्मिक ढांचाहरु हुन. यो ढांचालाई धर्मशास्त्रमा "पवित्र आत्माको मन्दिर" (१कोरिन्थी ६:१९); परमेश्वरको मन्दिर (१कोरिन्थी ३:१६); परमेश्वरको भवन ((१कोरिन्थी ३:९); र आत्मिक घर (१पत्रस २:५) का नामहरु दिइएका छन्. यदि जगहरु सही र मजबुत भएभने मात्र अग्लो, बलियो र कुनैपनि दु:ख कष्ट झेल्न सक्ने किसिमको भवन बनाउन सकिन्छ.

## ग. येशू नै जग

*"पहिला राखिसकिएको जग, येशू ख्रीष्ट बाहेक अर्को कुनै जग हुन सक्दैन"* (१कोरिन्थी ३:११)

भवन बनाउन सबैभन्दा उत्तम जग जमिनमुनीको पक्की ढुङ्गा हुन्छ. जमिनका अरु अस्थीर पत्रहरु जस्तै माटो, बालुवा, ससाना ढुङ्गाहरु र छिद्रे चट्टानहरु काटेर फ्यांकिनुपर्छ ताकि भवनको ढांचाको निम्ति ठूलो पक्की जग तयार गर्न सकियोस. हाम्रो क्रिश्चियन जीवनमा पनि त्यही कुरा लागू हुन्छ. येशू ख्रीष्टमा बाहेक अन्य कुरामाथि हामीले आफ्नो भवन बनाउनु हुँदैन. उहाँ हाम्रो चट्टान हुनुहुन्छ (१कोरिन्थी १०:४); र उहाँमा आधारित नभएका कुनै कुरामाथि हामीले केही बनाउनु हुँदैन. यो सत्यभन्दा बाहिर रहेर हामीले केही बनायौं भने न्यायका दिनमा यो कुरा खुल्नेछ र सबैले थाहा पाउनेछन किनभने हामीले बनाएको भवनको जाँच गर्दा यो काम नलाग्ने साबित हुनेछ अनि यो नष्ट हुनेछ (१कोरि ३:१०-१५). पिताले गर्नुभएको

कामलाई मात्र येशूले समर्थन जनाउनुहुनेछ (यूहन्ना ५:१९). त्यसकारण परमेश्वर पिताको इच्छा हाम्रो निम्ति कस्तो छ उहाँसँग सोधेर हामीले त्यसै अनुसार मात्र गर्नुपर्छ. त्यसपछि मात्र हामीले शुरु गरेको कामको येशूले समर्थन गर्नुहुनेछ र हामी आफ्नो कामको थालनी गर्नसक्छौं.

## घ. चट्टान कि बालुवा ?

लूका ६:४६-४९ मा दुई तरीकाले भवन बनाउन सकिने तथ्यबारे येशूले भन्नुभएको छ. बालुवामा (एउटा अस्थिर जग) अथवा चट्टानमा (स्थिर जग). धेरै मानिसहरु यहाँसम्म कि क्रिश्चियनहरु पनि आफ्नो जीवन अस्थिर जगमा खडा गरिरहेका छन् जस्तो - तीव्र स्वआकांक्षा, संसारिकपन, खेल, शिक्षा, रीति रिवाज, मानिसको बुद्धि इत्यादि. येशूमात्र चट्टानको स्थायी जग र जीवित सत्यको वचन हुनुहुन्छ.

लूकाको अंशबाट तल दिइएका सात कुराहरु हेर्न सकिन्छ

१. *मजबुत जीवन बन्न चाहिने पूर्वाधारहरु* (पद ४७)

जो मकहाँ आउंछ ----------- येशू सँगको सम्बन्ध<br>
मेरो वचन सुन्छ ------------ उहाँको वचन सुन्नु<br>
र त्यसलाई व्यवहारमा उतार्छ ----- उहाँको इच्छा पूरा गर्नु

२. *के कसैले सुनेर पनि त्यस अनुसार नगर्न सक्छ ?* (पद ४६)

"किन तिमीहरु मलाई प्रभु, प्रभु भन्छौ जबकि मैले भनेका कुराहरु तिमीहरु गर्दैनौ ?" यो वचन थाहा पाएर पनि त्यस अनुसार नगर्नु हो (याकूब १:२१-२५ पनि हेर्नुहोस्).

३. *वचन सुनेर त्यस अनुसार गर्ने मानिस को जस्तो हो ?* (पद ४८ क)

"त्यो एउटा घर बनाउने मानिस जस्तो हो, जसले गहिरो खनेर चट्टानमाथि जग बसाल्यो" आफू र चट्टान बीचमा भएका सबै कुराहरु उसले हटायो. खर्चिलो र धेरै समय लाग्ने भएता पनि उसले गहिरो खनेर आफू ठोस जमिनमा भएको निश्चित गऱ्यो.

४. *चट्टानमा नै घर बनाउनु पर्ने किन ?* (पद ४८ ख)

"जब भल चल्यो र जल प्रवाह उर्लिएर त्यस घरमा ठोक्कियो" जीवनमा समस्या आउनु र आंधिबेह्री चल्नु स्वाभाविक हो (हिब्रु १२:२५-२९) यस्तो आंधिबाट कोही पनि उम्कन सक्दैन.

५. *चट्टानमा उभिएको घरलाई के भयो ?* (पद ४८ ख)

चट्टानमा जग बसालेर बनाइएकोले त्यो घर हल्लिएन. हाम्रो क्रिश्चियन जीवनमा आंधिबेह्री आउनसक्छ तर यदि हामी परमेश्वरको बचन सुन्छौं र त्यसै अनुसार गर्छौं भने आँधि तुफानले हामीलाई हल्लाउन सक्दैन.

६. *क्रिश्चियन घरहरु बनाउंदाखेरिको सम्भावित खतरा के हो ?* (पद ४९ क)

"जसले वचन सुन्छ र पनि त्यस अनुसार गर्दैन त्यो एउटा यस्तो मानिस हो जसले जमीनमाथि जग विनाको घर बनायो (अथवा बालुवामाथि बनायो मत्ती ७:२६)

७. *जगबिनाको घरलाई के हुन्छ ?* (पद ४९ ख)

"जब त्यस घरमाथि भल आएर ठोक्कियो, तब त्यो घर तुरुन्तै ढल्यो, र त्यस घरको ठूलो सर्वनाश भयो." हाम्रो जीवनमा भएको कुनैपनि अस्थीर जगलाई हामीले चिन्नुपर्छ, त्यसबारे स्वीकार गर्नुपर्छ र पवित्र आत्माको सहायताले तलसम्म खनेर ठोस चट्टान फेला पार्नुपर्छ.

## ङ. त्यसपछि के ?

हाम्रो क्रिश्चियन जीवनमा जग अति नै महत्वपूर्ण भएकोले त्यो बिना परिपक्वतामा पुग्न असम्भव छ. हिब्रु ६:१-३ मा हाम्रो क्रिश्चियन जीवन बन्न आवश्यक आधारभूत जगको तालिका लेखिएको छ (यसलाई हामी हाम्रो विश्वासको जग भन्नेछौं). परमेश्वरको अनुमतिबाट परिपक्वतामा पुग्न हामीलाई अनुरोध गरिएको छ. यदि हामीले सही जग बसालेनौ भने परमेश्वरले हामीलाई आत्मिक भवन बनाउनका निम्ति अनुमति प्रदान गर्नुहुने छैन. धेरै वर्ष अगाडिदेखि "नयाँ जन्म" पाएका भनिएका धेरै क्रिश्चियनहरु समेत अपरिपक्व अवस्थामा छन्. यो दु:खलाग्दो कुरा हो. यी मध्ये धेरै मानिसहरु अहिलेसम्ममा त अरुहरुको शिक्षक भइसक्नुपर्थ्यो वा तिनीहरुले आफ्नै चेलाहरु तयार पारिसक्नुपर्थ्यो. त्यसको सट्टा तिनीहरु आफैं पनि ख्रीष्टमा केटाकेटीहरु जस्ता छन्, ठोस खानाको सट्टा अझैपनि तिनीहरुलाई आत्मिक दुध चाहिन्छ (हिब्रु ५:११-१४).

## च. क्रिश्चियनहरुमा अपरिपक्वताको प्रमाण

१. *कम्ती सुन्ने*

यी क्रिश्चियनहरु काम गर्न मन नपराउने सुस्त छन्. तिनीहरुमा जाँगरको अभाव छ. शुरु-शुरुमा त तिनीहरुमा जोश थियो तर समय बित्दै जांदा तिनीहरुको जोश हरायो.

२. *जिम्मेवारी रहित*

यी क्रिश्चियनहरु कहिल्यै (विचारमा) बढेनन र केटाकेटी नै रहिरहे. यिनीहरु त परिपक्व शिक्षक भइसक्नुपर्थ्यो.

३. *सहभागिता रहित*

यी क्रिश्चियनहरु गन्तीमा आउन बाहेक यिनीहरुबाट कुनै सहयोग आउंदैन र यसको आशा पनि गर्न सकिदैन. यिनीहरु यथास्थितिवादी छन्.

४. *विवेकशुन्य*

यी क्रिश्चियनहरु विवेकशुन्य हुन्छन् र प्रायजसो सही र गलत कुरापनि छुट्ट्याउन सक्दैनन्.

५. *अस्थीर*

यी क्रिश्चियनहरुलाई सधैं समस्याले पिरोल्छ. यिनीहरु पुतलीहरु जस्ता हुन्छन्, एउटा मण्डलीहरुदेखि अर्को र फेरि अर्कोमा चाहारी रहन्छन्.

## छ. अपरिपक्वताका कारणहरु

१. *तिनीहरुले वास्तवमा नयाँ जन्मै पाएका हुंदैनन्.*

जब हामीले नयाँ जन्म पाउंछौं त्यतिबेला अकाट्य प्रमाणहरु देखा पर्दछन्

- आत्माको साक्षी (रोमी ८:१६).
- हामी "नयाँ सृष्टि" भएको (२कोरिन्थी ५:१७).
- परमेश्वरको आज्ञाकारितामा चल्ने इच्छा (१यूहन्ना २:३).
- अरु क्रिश्चियनहरुलाई प्रेम गर्ने (१यूहन्ना ३:१४).
- परमेश्वरको इच्छालाई पूरा गर्ने चाहना (मत्ती ७:२१).
- परमेश्वरप्रति भोक र तिर्सना (भजन ४२:१-२).

२. *उपेक्षा*

आत्मिक तन्दुरुस्त हुनुपर्ने कुरामा तिनीहरु कहिल्यै ध्यान दिदैनन तर जोसुकैसित भौंतारी रहन्छन.

३. *अनाज्ञाकारिता*

परमेश्वरले तिनीहरुलाई केही काम गर्न अह्राउनु भएको छ र उहाँ (तिनीहरुले कहिले काम पूरा गर्लान भनेर) तिनीहरुप्रति धैर्यसाथ प्रतीक्षा गरीरहनु भएको छ.

४. *सम्झौता*

"बगैंचा नष्ट गर्ने स-साना फ्याउरा" हरुलाई तिनीहरुले आफ्नो जीवनमा प्रवेश गर्न दिएका छन (श्रेष्ठगीत २:१५). तिनीहरुको निम्ति परमेश्वरले तोकिदिनु भएको बाटोभन्दा बेग्लै रोजेका छन्. परमेश्वरभन्दा तिनीहरुले आफ्नै स्वार्थी इच्छा पूरा गरेका छन्. यी कुराहरु तिनीहरुमाथि अहिले हावी भएका छन् र यसले परमेश्वरसँगको तिनीहरुको सम्बन्ध बिगारिदिएको छ. तिनीहरु परमेश्वर र आफूलाई मन पर्ने काम गर्ने कोशिष गरेर आफ्नो जीवनमा सन्तुलन कायम गर्ने प्रयत्नमा छन्. त्यसकारण परमेश्वरको सेवा गरेर फलदायी र भरपूर जीवन जिउनुको साटो तिनीहरु असन्तुष्ट र कुण्ठित हुन पुगेका छन्. न त आफैंलाई न परमेश्वरलाई नै खुशी तुल्याउन तिनीहरु सक्षम छन्.

## झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. जीवन बनाउनको निम्ति येशू किन स्थीर जग हुनुहुन्छ ?
२. संसारिक कुराहरु, खेल, शिक्षा, दर्शनहरु मानिसका रीतिरिवाज र मानिसका बुद्धि र धर्मपनि आफ्नो जीवन बनाउनका निम्ति किन अस्थीर जगहरु हुन ?
३. तपाईंको जग कहाँ छ, चट्टानमा कि बालुवामा ? (मत्ती ७:२४-२७).
४. येशू चट्टानमा पुग्नका निम्ति हामीले आफ्नो जीवनबाट के कस्ता कुराहरु हटाउनुपर्छ ? पवित्र आत्माको मदतले यसो गर्न के तपाईं तयार हुनुहुन्छ ?
५. जब हामी परमेश्वरको वचन सुन्छौं र पढ्छौं हामीले बचन अनुसार गर्नुपर्छ कि केही नगरे पनि हुन्छ?
६. सही जगहरु तयार गर्न तपाईं कस्तो दह्रिलो पाइला चाल्नुहुँदैछ ताकि जीवनमा समस्याहरु आउंदा तपाईं मजबुत रहन सक्नुहोस् ?
७. १कोरिन्थी ३:१-३ पढ्नुहोस्. किन मण्डलीमा अहिले पनि धेरैका निम्ति बाइबलको यो अंश २००० बर्ष अघिजस्तै महत्वको छ ?
८. परमेश्वरमा अपरिपक्व रहिरहन धेरै क्रिश्चियनहरुलाई किन मनपर्छ ?

९. तपाईंले सम्झौता गर्नुभएको वा उपेक्षा गर्नुभएको तपाईंको जीवनमा त्यस्तो कुनै ठाउँ छ कि ?
१०. आत्मिक दुध के हो र यो कसलाई दिइन्छ ?

## ञ. सारांश र प्रयोग

१. हामी येशूका चेला हौं र हामीले उहाँमा हाम्रो जग स्थापित गर्नुपर्छ.
२. येशूमा आफ्नो जीवनको जग बनाउन हामीलाई कुनै कुराले बाधा दिन्छ भने पवित्र आत्माको सहायताले त्यसलाई हामीले हटाउनुपर्छ.
३. हामी उहाँको चेला भएर येशूको वचन सुन्ने र त्यसलाई व्यवहारमा ल्याएको प्रभु चाहनुहुन्छ.
४. सबै क्रिश्चियनहरु परमेश्वर पितामा परिपक्व भएको उहाँ चाहनुहुन्छ तर यो उहाँको अनुमति बिना सम्भव छैन.
५. हामीले सही जग बसाएको परमेश्वर चाहनुहुन्छ र त्यसपछि हामी उहाँमा परिपक्वतामा बढ्न हामीलाई आत्मिक दुधदेखि ठोस खाना खुवाउनुहुन्छ.

